मनहरी गाउँपालिका

गाउँ कार्यपालिकाको बैठक

मिति २०८१/०३/२३ गते　　　बैठक संख्या : २०८०/८१-१९　　समय : विहान ११:०० बजे

अध्यक्षता : गाउँपालिका अध्यक्ष श्री रन्जन कालाखेती

स्थान : मनहरी गाउँपालिका को कार्यालय, लामिटार, सभाहल।

**उपस्थिति**

| क्र.स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री रन्जन कालाखेती | अध्यक्ष | |
| २ | श्री सिता पुलामी मगर | उपाध्यक्ष | |
| ३ | श्री शिव प्रसाद खनाल | १ न. वडा अध्यक्ष | |
| ४ | श्री राजकुमार पाखिन | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री अनन्त प्रकाश अर्याल | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री प्रकाश थापा | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री दिपेन्द्र अधिकारी | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री युव राज थपलिया | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री ठाकुर राम तितुङ | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री नारायण उप्रेती | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री राज कुमार श्रेष्ठ | ९ नं. वडा अध्यक्ष | |
| १२ | श्री सविता सुवेदी | कार्यपालिका सदस्य | |
| १३ | श्री सेती माया तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री राम माया नगरकोटी | कार्यपालिका सदस्य | |
| १५ | श्री मिरा खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री कान्छी माया वोट | कार्यपालिका सदस्य | |
| १७ | श्री चतुर कुमार सुनार | कार्यपालिका सदस्य | |

श्री रमेश सुवेदी　　प्रमुख प्रशासकीय अधिकृत

आमन्त्रित/बैठक सहयोगी

श्री राजेन्द्र भट्टराई　　वरिष्ठ लेखा अधिकृत

श्री अन्जना सुवेदी　　प्रशासन शाखा प्रमुख

Scanned with CamScanner

मितिः २०८१/०३/२३ समय दिनको ११ बजे कार्यपालिका बैठकको प्रस्तावहरु

प्रस्तावहरु

१. समिक्षा सम्वन्धमा
२. ठेक्का म्याद थप सम्वन्धमा
३. सिमसार क्षेत्र (ताल निर्माण) DPR स्वीकृत सम्वन्धमा
४. करार कर्मचारी म्याद थप सम्वन्धमा
५. घर नक्सा/ भवन अभिलेखिकरण म्याद थप सम्वन्धमा
६. मध्य कालिन खर्च संरचना (MTEF) स्वीकृत सम्वन्धमा
७. पाँच वर्षिय आवधिक योजना स्वीकृत सम्वन्धमा
८. सामुदायिक विकास परियोजना छनौट सम्वन्धमा
९. जिल्ला अदालतलाई फर्निचर सहयोग सम्वन्धमा
१०. आयोजनजा फरफार सम्वन्धमा ।
११. रजैया दर्दरा जोड्ने अस्थायी ह्युमपाईप सम्वन्धमा।
१२. मनहरी गाउपालिकाको जग्गा वर्गिकरण तथा भू- उपयोग योजना सम्वनधमा ।
१३. निर्मलवस्ती खानेपानी योजना सम्वन्धमा ।
१४. शिर्पक परिवर्तन सम्वन्धमा ।
१५. आर्थिक सहायता सम्वन्धमा ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधि

रन्जन कालाखेती
अध्यक्ष

Scanned with CamScanner

मिति २०८१/०३/२३ गते बसेको उन्नाईसौं गाउँकार्यपालिका बैठकको निर्णयहरु

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा विगतमा गाउँपालिकाबाट भएका अधिकाशं निर्णयहरु कार्यान्वयन भईसकेको र केहि निर्णयहरु कार्यान्वयनको लागि सम्वन्धित शाखा/वडा कार्यालयलाई निर्देशन दिने निर्णय गर्दै प्रगति तथा उपलब्धिको समिक्षा गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा तपसिल अनुसारका निर्माण कार्यहरुको निर्माण व्यवसायिहरुबाट म्याद थपको लागि निवेदन माग भई आएकोले संशोधित सार्वजनिक नियमावलिका आधारमा अनुसूची १बमोजिम म्याद थप गर्ने निर्णय गरियो ।साथै आ.व. ०८०/८१ को लागि विनियोजित बजेट मध्ये योजनाशाखाबाट उपभोक्ता समिति परिचालन गर्ने गरि सम्झौता भएका सार्वजनिक निर्माण आयोजनाहरुको सुरु सम्झौता अवधि भित्र विविध कारणबस कार्य सम्पन्न हुन नसकेको कारण म्याद थप गरिमाग्न उपभोक्ताले दिएको निवेदन समेतको आधारमा सम्बन्धित वडा कार्यालयहरबाट सिफारिस भए बमोजिम अवधिको लागि प्रमुख प्रशासकीय अधिकृतबाट थप गरिदिएको सबै आयोजनाको म्याद थप स्वीकृत गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा मनहरि गाउँपालिकाको वडा नं. ८ र ९ को वगरमा सिमसार क्षेत्र (ताल) निर्माण गर्ने आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (DPR) स्वीकृत गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा मनहरी गाउँपालिका गाउँकार्यपालिकामा सेवा करार, मासिक ज्यालादारीमा कार्यरत सम्पूर्ण कर्मचारीहरुको आर्थिक वर्ष ०८१/०८२ को पौष मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको भवन नियमित तथा अभिलेखीकरण सम्बन्धि कार्यविधि, २०८१ को दफा ३ बमोजिम गाउँपालिकामा घर नक्सा पास गर्ने कार्य प्रारम्भ हुनुपूर्व बनेका भवन तथा भौतिक संरचनाको घर नक्सा कायम तथा भवन अभिलेखीकरण गर्ने कामको २०८२ आषाढ मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको मध्यमकालिन खर्च संरचना ( MTEF) स्वीकृत गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको आ.व. ०८१/०८२ देखी आ.व. ०८५/८६ सम्मको पाचँ वर्षे अवधिको पञ्चवर्षिय आवधिक योजना (Periodic Plan) स्वीकृत गर्ने निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको अधिकतम जनसंख्याले उपभोग गर्ने गरी तथा एक घर एक धारा अभियान अनुसार मनहरी वृहत खानेपानी आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारी गरी उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना (HICDPS) को रुपमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा सम्बन्धित निकायमा पठाउने निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा जिल्ला अदालतलाई रु ४,२४,०००/- (चार लाख चौविस हजार) बराबरको फर्निचर खरिद गर्न रकम उपलब्ध गराउने निर्णय गरियो ।

रन्जन कालाखेती
अध्यक्ष

Scanned with CamScanner

मिति २०८१/०३/२३ गते बसेको उन्नाईसौं गाउँकार्यपालिका बैठकको निर्णयहरु

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा यस चालु आ.व. ०८०/०८१ मा बिनियोजित सार्वजनिक निर्माण लगायत अन्य बजेट कार्यान्वयनको अवस्थाको स्थलगत रुपमा अनुगमन गरी योजना पिच्छे छुट्टा छुट्टै तयार भएको अनुगमन तथा सुपरीवेक्षण समितिको विभिन्न मितिमा सम्पन्न बैठकबाट कार्यालयलाई भुक्तानीको लागि सिफारिस गरिएका अनुसुची-२ बमोजिमका योजनाको भुक्तानी सम्बन्धी कार्य सदर सहित फरफारक गरी अनुमोदन गर्ने निर्णय गरियो।

११. प्रस्ताव नं. ११ माथि छलफल गर्दा मनहरी गाउपालिकाको रजैया दर्दरा जोड्ने अस्थायी ह्युम पाईप (मोटरबाटो) बर्षातको समयमा खोलाले बगाएर लैजाने हुदाँ उक्त ह्युमपाईप झिक्न तथा बगाएको ह्युमपाईप खोजी गरी ल्याउन लागेको खर्च लागत ईस्टिमेट बमोजिमको रु ९९,०००/- (उनान्सय हजार) विपद् व्यवस्थापन कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

१२. प्रस्ताव नं. १२ माथि छलफल गर्दा मनहरी गाउपालिकाको जग्गा वर्गिकरण तथा भु- उपयोग योजना, २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

१३. प्रस्ताव नं. १३ माथि छलफल गर्दा मनहरी गाउपालिका वडा नं. ७ च.नं. २९१५ मिति २०८१/०३/१८ को पत्रा साथ प्राप्त विल बिजक, लागत अनुमान, नापी मूल्याङ्कन, कार्य स्वीकार प्रतिवेदन अनुसार खडेरीका कारण निर्मलबस्तीमा खानेपानी वितरणमा समस्या परेको भन्ने जनगुनासो आएको आधारमा खानेपानी पाईप विस्तार कार्य गरेबापत माग गरेको रकम मध्ये गाउँपालिकाको पुर्जीगत तर्फको अन्य सार्वजनिक निर्माण तथा अन्य समपुरक योजना शिर्षकबाट रु ९९,०००/- (उनान्सय हजार) सम्बन्धित सप्लायर्स लाई भुक्तानी गर्ने निर्णय गरियो ।

१४. प्रस्ताव नं. १४ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको विभिन्न बहुबर्षिय आयोजनाको रुपमा रहेको आयोजना तथा कार्यक्रम सम्पन्न भईसकेको तर रकम भुक्तानीको लागि विनियोजित शिर्षकमा रकम अभाव रहेको तथा केही आयोजनामा रकम विनियोजन भएको तर विनियोजित रकम खर्च भई नसकेकाले तपसिल बमोजिमका योजना तथा कार्यक्रममा रहेको रकम देहाय बमोजिमको शिर्षकमा परिवर्तन गरि खर्च गर्न गाउँकार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | साविकको योजनाको नाम | विनियोजित रकम | संशोधित योजना | रकम |
|---|---|---|---|---|
| १ | ४ नं. वडा कार्यालय भवन निर्माण | ५०,००,०००/- | परामर्श सेवा | १७००००० |
| २ | समपुरक कोष | १०५००००० | विपद् व्यवस्थापन कोष | १५००००० |
| ३ | सिमसार क्षेत्र निर्माण | १५००००० | अन्य सार्वजनिक निर्माण | ५००००० |
| ४ | गाउँपालिका प्रशासनिक भवन निर्माण | १०००००० | ५ वटा पक्कीपुल निर्माण निरन्तरता | १४३००००० |
| ५ | जम्मा | १,८०,००,००० | | १,८०,००,००० |

मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

रन्जन कालाखेती
अध्यक्ष

मिति २०८१/०३/२३ गते बसेको उन्नाईसौं गाउँकार्यपालिका बैठकको निर्णयहरु

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

१५. प्रस्ताव नं. १५ माथि छलफल गर्दा मनहरी गाउँपालिका वडा नं. ४ को पं. ०८०/८१, च.नं. १५९६ मिति २०८१/०२/१३ गतेको पत्रानुसार ऐऐ वडा बस्ने श्री धन बहादुर प्रजा वृद्ध अवस्थामा रहेको तथा निजको आर्थिक अवस्था अत्यन्तै कमजोर रहेको र वर्षातको समयमा घरभित्र पानी चुहिई बस्न नमिल्ने भएकाले तत्काल राहत पुर्याई घरको छानाको मर्मत संभारको लागि निजलाई घरको छानो निर्माण गर्न रु २०,०००/- ( बिस हजार) आर्थिक साहायता विपद् व्यवस्थापन कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु सर्वसम्मतरुपमा पारित गरियो ।

रन्जन कालाखेती
अध्यक्ष

गाउँ कार्यपालिकाको उन्नाइसौं बैठक